आमनिर्वाचनको मौन अवधि आजबाट शुरू भएको छ । प्रतिनिधिसभा र प्रदेशसभाका लागि एकैपटक मंसिर ४ मा हुने निर्वाचनका लागि निर्वाचन आयोगले गएको कात्तिक १७ देखि प्रचारप्रसारको समय दिएको थियो । यो अवधिमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ मैदानमा उत्रिएका दुई हजार ४१२ जना र प्रदेशसभातर्फ तीन हजार २३२ जनाले आफ्नो प्रचार गरेका छन् । यी मध्ये गोप्य मतदानबाट प्रदेशसभातर्फ ३३० र प्रतिनिधिसभातर्फ १६५ जना निर्वाचित हुनेछन् । प्रदेशसभातर्फ मनाङ (ख) मा यसअघि नै दीपक मनाङे निर्विरोध भइसकेका छन् । बाँकी उम्मेद्वारहरूले प्रचारप्रसारको अवधिमा सकेसम्म मतदाता रिझाउने प्रयत्न गरेका छन् । आजबाट शुरू भएको मौन अवधि भने मतदाताका निम्ति हो । यो निर्वाचनमा मतदान गर्न योग्य भएका एक करोड ७९ लाख ८८ हजार ५७० जनाले मौन अवधिमा गम्भीर भएर सोच्नुपर्नेछ ।

किनकि मतदान भनेको मतपत्रमा छाप लगाउनु मात्रै होइन । आफ्नो राजनीतिक अधिकारको अख्तियारी सम्पनु हो । आफ्नो तर्फबाट मुलुकको राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक लगायत क्षेत्रबारे निर्णय गर्ने अधिकार प्रत्यायोजन हुनु हो । त्यसैले मतदानलाई नागरिकको सवैभन्दा ठूलो अधिकार मानिन्छ । निर्वाचनमार्फत् नागरिकले नेतृत्वमा पुग्ने वा उपयुक्त प्रतिनिधि चयनको अधिकार प्राप्त गर्छन् । त्यसैले मतदानसँग अरू अधिकार तुलना हुन सक्दैन । आवधिक निर्वाचनको अवधारणा पनि नागरिकलाई सर्वशक्तिशाली बनाउनकै निम्ति भएको थियो । कुनैपनि राज्यको सार्वभौमकता नागरिकमा निहीत रहेको प्रमाणित गर्ने अवसरका रूपमा निर्वाचनलाई नै लिइन्छ । तसर्थ प्रचारको अवधिमा भएका प्रतिबद्धताहरू सँगै नागरिकले आफ्नो विश्वासको जाँच गर्ने अवसर पनि मतदान हो । यसतर्फ मतदाता सचेत हुन जरूरी छ ।

उम्मेद्वारहरूले पनि यो अवधिलाई विचार पुऱ्याउन आवश्यक छ । निर्वाचन आचारसंहिताभित्र रहनु उम्मेद्वारको सवैभन्दा ठूलो दायित्व हो । किनकि निर्वाचनमा आचारसंहिता पालना नगर्ने उम्मेद्वार निर्वाचित भएमा बाँकी पाँच वर्ष संविधान, कानून र जनताको पक्षमा काम गर्छन् भनेर विश्वास गर्न सकिदैन । कानून मिचेर सांसद हुन तयार हुने व्यक्तिले विधिको सर्वोच्चता र संविधानवादलाई स्वीकार्नेवाला छैन । यसतर्फ मतदाताले ध्यान दिन आवश्यक छ । अर्कातिर मौन अवधिको पालना नगर्नु भनेको मत प्रभावित गर्ने कुरा मात्रै होइन, प्रणालीलाई बिथोल्ने प्रयास पनि हो । तसर्थ मतदाताले मतदानको निर्णयसँगै उम्मेद्वारको तौरतरिकालाई समेत यो अवधिमा नियाल्न जरूरी छ ।

# जलवायु परिवर्तनको मार विपन्न देशमाथि


*आफुले नगरेको पापको परिणाम व्यहोर्न परेका विपन्न देशहरूले सम्पन्न देशहरूसँग त्यसको भरपाई अर्थात् क्षतिपूर्ति माग गर्न शुरू गरेका छन् । अहिले मिश्रमा चलिरहेको संयुक्त राष्ट्र जलवायु शीखर सम्मेलनले पनि विपन्न देशहरूले पाउनुपर्ने क्षतिपूर्तिको निर्धारण गर्न सक्ने अपेक्षा गरिँदैछ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

जलवायु परिवर्तनले उत्पन्न गरेको बर्बादी सम्पन्न देशहरुको प्रकृति अमैत्री जथाभावी दोहन र शोषणका कारण भएको हो । तर, त्यसको मार भने विपन्न देशहरुले बढी व्यहोरिरहनु परेको छ । त्यसैले आफुले नगरेको पापको परिणाम व्यहोर्न परेका विपन्न देशहरुले सम्पन्न देशहरुसँग त्यसको भरपाई अर्थात् क्षतिपूर्ति माग गर्न शुरु गरेका छन् । अहिले मिश्रमा चलिरहेको संयुक्त राष्ट्र जलवायु शीखर सम्मेलनले पनि विपन्न देशहरुले पाउनुपर्ने क्षतिपूर्तिको निर्धारण गर्न सक्ने अपेक्षा गरिँदैछ । संयुक्त राष्ट्र र अन्य विभिन्न स्वतन्त्र सूचनाहरुद्वारा पुष्टि गरिसकिएको छ कि बितेको २५ वर्षयता जलवायु परिवर्तनका कारण धेरै ठूलो नोक्सानी पुगिसकेको छ । जसअन्तर्गत चर्को खडेरी, बढ्दो गर्मी, अत्यन्तै कम या अत्यन्तै ठूलो वर्षा, चक्रबात अनि क्रमिक परिवर्तन जस्तो मरुभूमिकरण र बढ्दो सामुद्रिक स्तर यसमा सामेल छन् ।



यस्ता परिवर्तनहरुका लागि वातावरणमा हरित गृह ग्याँस(ग्रीन हाउस ग्याँस)को उपस्थितिलाई जिम्मेवार ठहऱ्याउने गरेको छ । यस्तो ग्याँस अधिकांश उत्सर्जनका लागि समृद्ध औद्योगिक देशहरु नै जिम्मेवार छन् । गरिब देश, जो अतीतमा अरुद्वारा गरिएका यस्ता परिवर्तनको असरलाई कम गर्नका लागि समयमा सुधारात्मक उपाय अबलम्बन गर्नमा असमर्थ छन् र उनीहरुले पहिला यो जलवायु परिवर्तनका नकारात्मक असरको सामना गर्नु परिरहेको छ । यसै कारण 'नोक्सान र क्षति'को नयाँ अवधारणाले उनीहरुका बीच जरो जमाउन शुरु गरेको हो ।

यस अवधारणाअन्तरगत औद्योगिक राष्ट्रहरुका कारण भएका यस्ता परिवर्तनहरुलाई कम गर्नका लागि विभिन्न उपाय अबलम्बन गर्नका निम्ति पर्याप्त वित्तीय सहयोगको उनीहरुले माग गरिरहेका छन् । अब उनीहरु यसलाई कुनै विशेष प्राकृतिक विपत्ती पछिको सहायताको राहत सहायता जस्तो विषय होइन, विकसित देशले व्यहोर्नु पर्ने दायित्व र मुआब्जाकोरूपमा परिभाषित गरिरहेका छन् । 'न्यूनिकरण-उत्सर्जन'लाई कम गरेर समस्याको मूल कारणको सामना गर्ने र अनुकूलन-वर्तमान र भविष्यका प्रभावहरुको सामना गर्ने तयारी) पछि नोक्सान र क्षतिलाई जलवायु परिवर्तनको राजनीतिको 'तेस्रो स्तम्भ'को रूपमा पनि यसलाई लिइने गरिँदै आएको छ ।

हुन त १९९० को दशकदेखि जति बेला जलवायु परिवर्तनका सम्बन्धमा संयुक्त राष्ट्र फ्रेमवर्क कन्भर्सनको पाठ तयार गरिँदै थियो, विकसित देशहरुले त्यसका विरुद्ध गठजोड गरे र त्यसलाई असम्भव तुल्याइदिए । द्विपक्षीय देशहरुको एउटा समूहले प्रस्थावित गरेको के थियो भने समुद्रको बढ्दो स्तरबाट हुने नोक्सानीका लागि तल्लो तटीय क्षेत्रमा परेका देशहरुलाई क्षतिपूर्ति दिनका लागि एउटा बीमा कोष खडा गरिनु पर्दछ ।

पछि २०१५ को यस सम्बन्धि सम्मेलनमा, जसको समापन पेरिस सम्झौता अबलम्बन गर्नुका साथै भएको थियो, विकासशील देशहरुले पुनः नोक्सान र क्षतिको आर्थिक पोषणका सम्बन्धमा एउटा सबल खण्डको माग गरेको थियो । तर, त्यस सम्बन्धि वार्ता केवल एउटा अस्पष्ट सन्दर्भ र अन्यौलसँगै समाप्त भएको थियो र यसलाई भविष्यको चर्चाका लागि छोडिएको थियो । यस परिप्रेक्षमा अहिले ईजिप्ट(मिश्र)मा भइरहेको जलवायु सम्मेलनले यस सम्बन्धमा ठोस नीति र कार्य योजना तयार गर्नुपर्ने अवसर छ भनिँदैछ ।

डेनमार्कले हालै विकासशील देशहरुलाई १३ मिलियन डलरभन्दा बढी सहयोग दिने बचनबद्धता जाहेर गरेको छ । बितेको नोभेम्बरमा ग्लासगोमा भएको सम्मेलनमा स्कटल्याण्डकी प्रथम मन्त्री निकोला स्टर्जनले पनि एकमुष्ठ नोक्सानी र क्षति भुक्तानीको रूपमा २.७ मिलियन डलर दिने पनि प्रतिबद्धता जनाएको थियो । अपेक्षा के गरिएको थियो भने अन्य सम्पन्न देशहरुले पनि यस्तै प्रतिबद्धता जाहेर गर्ने छन् तर उनीहरुले

*संयुक्त राष्ट्र र अन्य विभिन्न स्वतन्त्र सूचनाहरुद्वारा पुष्टि गरिसकिएको छ कि बितेको २५ वर्षयता जलवायु परिवर्तनका कारण धेरै ठूलो नोक्सानी पुगिसकेको छ । जसअन्तर्गत चर्को खडेरी, बढ्दो गर्मी, अत्यन्तै कम या अत्यन्तै ठूलो वर्षा, चक्रवात अनि क्रमिक परिवर्तन जस्तो मरुभूमिकरण र बढ्दो सामुद्रिक स्तर यसमा सामेल छन् । यस्तो ग्याँस अधिकांश उत्सर्जनका लागि समृद्ध औद्योगिक देशहरु नै जिम्मेवार छन् ।*

त्यसो गरेनन्, तथापि उनीहरुमाथि पनि त्यस्तो घोषणा गराउने दबाब भने बढ्दै गइरहेको छ ।

गएको महिना मात्र ४६ सदस्य रहेको कम विकसित देशहरुको एउटा गठबन्धनका मन्त्रीहरुको सम्मेलनले नोक्सानी र क्षतिका लागि एउटा वित्तीय संयन्त्र खडा गर्नुपर्ने माग गरेको थियो । संयुक्त राष्ट्र संघका महासचिव एण्टोनियो गुत्तेरसले गएको महिनामा के महत्वपूर्ण सुझाब दिएका थिएका थिए भने जीवाष्म इन्धन कम्पनीहरुमाथि अप्रत्याशित कर लगाएर यस सम्बन्धमा धनराशी उपलब्ध गराउन सकिन्छ ।

तर, यस किसिमको भुक्तानीका लागि विकसित देशरुमा उत्साहको कमी छ । कतिपय विकासशील देशहरु अन्तर्राष्ट्रिय कानुनको माध्यमबाट अस्थायीरूपमा निवारणको माग पनि गरिरहेका छन् । गएको सेप्टेम्बरमा संयुक्त राष्ट्र मानव अधिकार समितिले अष्ट्रेलियाली सरकारलाई टोरेस जलडमरुमध्येका द्वीपहरुमाथि रहने गरेका मूल निवासीहरुलाई मुआब्जा दिनुपर्ने आदेश दिएको थियो, जुन टापु बढ्दो सामुद्रिक जल स्तरबाट नष्ट हुँदै गइरहेको छ । शायद यस्तो क्षतिपूर्ति भुक्तानीको आदेश दिइएका यो पहिलो पटक नै होला !

अष्ट्रेलियाली सरकार पनि ती द्वीपबासीहरुको बिग्रदो दुर्दशाप्रति सहानुभूति राख्दछ भनिन्छ, तर यो सहानुभूति नगदीमा परिवर्तन होला भन्ने कुरा अझै पनि प्रतिक्षाकै विषय छ । अनि यस सम्बन्धमा दायित्वको महँगो संस्कृतिको त झन कुरै के गर्नु । यसर्थ, हानी नोक्सानी र क्षतिका लागि एउटा विश्वस्तरीय संरचना बन्न पर्ने सम्भावना अहिले पनि धेरै टाढाकै कुरा लाग्दछ । यद्यपि विकसित संसार पनि यो जलवायु परिवर्तनको अनिश्चितता र खतराबाट सुरक्षित भने छैन नै । त्यसैले जतिसक्दो चाडो यस सम्बन्धि रोकथाम र निराकरणका उपायहरु गर्नुको विकल्प छैन ।

आज इयान आँधी जस्ता प्राकृतिक प्रकोपहरु अमेरिकामा पनि बढिरहेका छन् । त्यस आँधीले फ्लोरिडा र दक्षिण क्यारोलिनामा अर्बौं डलरको नोक्सानी गरेको थियो । वर्ष १९८० र २०२१ का बीचको काल खण्डलाई हेर्ने हो भने यस प्रकारका प्राकृतिक विपत्तीका घटनाहरुको बृद्धिदर जुन सरदर ७.७ थियो बितेको पाँच वर्ष भित्र भने प्रतिवर्ष यस किसिमका घटनाहरुमा १७.८ औसत बृद्धि देखिएको पाइन्छ । गएको वर्षले पनि यस सम्वन्धमा लगातार सातौं वर्षकोरूपमा चिनाएको छ जसमा दश या त्योभन्दा बढी अर्ब डलरको नोक्सानी भएको तथ्यांक छ ।

विज्ञहरु भन्छन्, "वातावरणमा कार्बनडाइअक्साईडको मात्रा मई २०२२ मा त्यस स्तरमा पुगिसकेको देखियो जुन बितेको लाखौं वर्षमा पनि देखिएको थिएन । अनि यो पूर्वऔद्योगिक देशहरुको तुलनमा ६० प्रतिशत बढी पनि हो । कार्बन डाइअक्साईड र अन्य हरित गृह उत्सर्जित ग्यासहरुले विश्वको सरदर तापमानलाई बढाइरहेका छन् ।" यस सम्बन्धमा 'यूएस नेशनल ओशेनिक एण्ड एटमस्फेरिक एडमिनिस्ट्रेशन'का अनुसार जलवायु परिवर्तनले मौसमको चरम सीमाको बढ्दो आवृत्ति र तीब्रतालाई 'सुपरचार्जिङ्ग' गरिरहेको छ । यो अधिक वर्षाले परिवर्तनशीलतालाई जन्म दिन्छ । अमेरिकी पश्चिमा जंगलमा आगलागीको मौसमलाई लम्ब्याइदिन्छ, सुख्खाको चपेटामा पारिदिन्छ र समुद्रको जल स्तर बृद्धिकोरूपमा ठूलो आँधीलाई बढाइदिन्छ भनिएको छ ।

वातावरणमा ग्रीन हाउस ग्याँसहरुको निरन्तर सञ्चयलाई दृष्टिगत गर्दा भविष्यमा मौसम अझ बढी हिंसक हुँदै जने आशंका खडा भएको विज्ञहरु उल्लेख गर्दछन् । बारम्बार हुने गरेका प्राकृतिक दुर्घटनाहरुलाई कमगर्नका लागि विकसित र विकासशील दुवै श्रेणीका देशहरुले यस्ता प्रयाशहरु गर्नु नितान्तः जरुरी छ जसले वार्मिङ्गको चरम सीमालाई सीमित तुल्याउनका लागि वातावरणसँग गर्मी ट्रेपिङ्ग उत्सजर्नलाई तीव्ररूपमा कम गर्दछ र हटाउँदछ ।

उनीहरुले जीबाश्मा ईन्धनका साटो ऊर्जाका हरित श्रोतहरु तर्फ दृष्टि दिनु पनि उत्तिकै आवश्यक छ । उनीहरुले आफ्नो बोझ कम गर्नका लागि केवल एकमुष्ठ सहायताको माग गरेर मात्र पुग्दैन, त्यस्ता नीतिहरुको अबलम्बन गर्न र व्यवहारमा खरो उतार्न पनि जोडदार माग पर्दछ जुन नीतिहरुले विपन्न देशहरुको नोक्सानीलाई कम गर्दछ । त्यसैले, चलिहेको मिश्रको जलावयु सम्मेलनले खोक्रा प्रतिबद्धताहरुको साटो जलवायु परिवर्तनले प्रत्युत्पन्न विपत्तीहरुको सामना गर्नका लागि एउटा नयाँ व्यवहारमुखी दृष्टिकोण खोज्ने र कार्यान्वयन गर्ने ठोस प्रयास गर्नु पर्दछ । अन्यथा यस्ता सम्मेलनहरु समस्या उजागर गर्ने मेला मात्र ठहरिन पुग्नेछन्, जो अहिलेसम्म चल्दै आएका छन् ।

### सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

साना संसदीय क्षेत्र, धेरै उम्मेदवार र बहुपक्षीय प्रतिस्पर्धाले गर्दा यो चुनावमा धेरै क्षेत्रमा झिनो मतले हार जित हुन्छ । तथ्याङ्क शास्त्रिय हिसाबले त्यस्तो मतान्तर 'मार्जिन-अफ-एरर' भित्र पर्न सक्छ । त्यसैले चुनाव अधिका प्रक्षेपणभन्दा अचम्भित पार्ने परिणाम पनि आउन सक्छ ।



- राधाकृष्ण कटवाल

ऋण लिनु बाध्यता छ, जति बेला जस्तो पनि सम्झौता मान्नु पर्ने हुन्छ । त्यही सम्झौताको आडमा ठगी बढ्दो छ । ७/८ प्रतिशत ब्याज तिर्ने सम्झौतामा ऋण लिएका उपभोक्तालाई बैंकहरूले अहिले १७/१८ प्रतिशत ब्याज लिइरहेका छन् । यो सरासर लुट हो, राष्ट्र बैंक र राज्य नभएको प्रमाण हो । के बैंकहरू कानुनभन्दा माथि हो ?



- प्रेम घर्तीमगर

संविधान परिवर्तन भयो, राज्य व्यवस्था बदलियो, सरकार फेरियो तर, नेतृत्व गर्ने वर्ग, प्रणाली र प्रवृत्ति फेरिएन । राजतन्त्र, प्रजातन्त्र हुँदै गणतन्त्र आउँदासम्म पनि विकास र समृद्धि आएन । किनकी जनप्रतिनिधिहरू जनता र देशप्रति जवाफदेही हुनुपर्नेमा आ-आफ्ना नेता र पार्टीप्रति उत्तरदायी भए ।



- कृतिका तिम्सिना

"सबै नयाँ अनुहार ठिक र सबै पुराना अनुहार बेठिक" "युवा जति योग्य, उमेर ढल्केका अयोग्य" भन्ने कुतर्कबाट माथि उठेर व्यक्तिगत मुल्याङ्कनको आधारमा मतदान गरौं तर, सामाजिक सञ्जालमा आएर यो पार्टी यस्तो, उ पार्टी उस्तो भनेर विवाद नगरौं ।



- चन्द्र श्रेष्ठ

परदेशमा रगतपसिना बगाएर पठाइएका रेमिट्यान्सबाट मुलुक चल्छ तर, तिनै परदेशमा रहेकाले आफ्नो विवेक प्रयोग गर्दै राम्रा जनप्रतिनिधि छान्ने हक-अधिकार बाट बन्चित गराइन्छ । रगतपसिना बगाएर पठाएको रेमिट्यान्स चल्यो तर, तिनै पठाउनेका अमुल्य मत भने चलेन !

# कतारले सबै धार्मिक आस्थाको सम्मान गर्दछ

ब्लग



● प्रो. मोहम्मद रमजान अली मियाँ

मेरो कतार बसाइँको यो १६ वर्षमा मैंले नेपाली समाजलाई निकै नजिकबाट नियाल्ने अवसर प्राप्त गरेँ । यो मेरो लागि सौभाग्य हो । जहाँ मैले रोजगारी तथा सेवा गरिरहेको छु त्यहीँ मेरो अध्ययन तथा खोजको विषय पनि छ । विभिन्न कालखण्डमा नेपाली समाजको आरोह अवरोहलाई नियाल्दै गर्दा के बुझेको छु भने हामी सबैभन्दा बढी आफ्नैहरूबाट पीडित भएको पाएँ । आरम्भ कालमा नेपाली राजदूतावासको श्रमिक हेल्प डेस्क (कार्यालय सचिव)को हैसियतमा गुनासा सुन्नेदेखि कतारको विभिन्न स्थानीय निकायसँगको सहकार्यमा कार्य गर्दै गर्दा नेपाली र अन्य आप्रवासीहरूको समस्या बुझ्ने प्रतिनिधि मण्डल भनौं अथवा सर्वे टिम भनौं वा हाल राष्ट्रिय मानव अधिकार आयोग स्थित नेपाली हेल्प डेस्कमा रहेर कार्य गर्दा होस्, सबै ठाउँमा नेपालीबाट नेपाली नै ठगिएको, नेपालीले नेपालीलाई पीडा र अप्ठ्यारोमा पारेको र नेपालीद्वारा नेपालीले अपमान र दुःख दिएको विषयलाई प्रत्यक्षरूपमा हेर्ने देख्ने अवसर प्राप्त गरेको छु । तर, केही विषय यस्ता हुन्छन् जसले नेपाल र नेपालीलाई मात्र नभई कतारलाई समेत व्यर्थमा घिसारेर ल्याउने गरिएको छ ।

पछिल्ला केही वर्षमा कतारमा रहेका केही नेपाली इस्लाम धर्मालम्बीहरूले कतारमा परिवारसहित र एकलरूपमा बस्दै आएका गैरमुस्लिमहरूलाई विभिन्न समयमा आफ्नो व्यक्तिगत मामिलामा अनावश्यक तारो बनाएको गुनासो कयौं पटक सुनेको छु । शब्दहरू सामान्य भएता पनि यसका दूरगामी असर भने पक्कै पार्नेछ । धर्मलाई जोडेर र धर्मको आडमा गैह्रमुस्लिमहरूलाई धम्क्याउने मानसिक डर त्रास पैदा गर्ने गरेको कुराले म मात्र होइन सिङ्गो नेपाली समाजले पीडा महसुस गरेको छ । हामी जुन देशमा छौं त्यो देशको धारणाभन्दा बाहिर गएर यस प्रकारका अभिव्यक्तिले हाम्रो सिङ्गो नेपाली समाजलाई गम्भीर मोडमा ल्याइ पुऱ्याएको छ । धार्मिक स्वतन्त्रता र सबै धर्मको समान सम्मान एवम्

*कतारले ऐन, कानुन निर्माण र सरकारी तथा गैरसरकारी तहबाट अन्तर धार्मिक संवादका लागि दोहा इन्टरनेशनल सेन्टर जस्ता थुप्रै संस्था स्थापनामार्फत धार्मिक र आस्थाको संवैधानिक स्वतन्त्रतालाई बलियो बनाएको छ । दोहा इन्टरनेशनल सेन्टरको स्थापना अरूलाई स्वीकार गर्ने संस्कृतिको प्रवर्द्धन र विस्तारका साथै विभिन्न धर्मावलम्बीहरुको शान्तिपूर्ण सहअस्तित्वको उद्देश्यले भएको हो ।*

कदरबारे कतारले विभिन्न समयमा अन्तर्राष्ट्रिय फोरममार्फत आफ्नो स्पष्ट धारण सार्वजनिक गर्दै गर्दा पनि हाम्रो समाज किन यति निर्दयी भएको होला भन्ने जिज्ञासाले आज म धर्म र कतारमा धार्मिक स्वतन्त्रता एवम् यस विषयमा कतारको स्पष्ट धारणा पुनः सार्वजनिक गर्न चाहन्छु ।

सम्बन्धित ऐन, कानुन निर्माण र सरकारी तथा गैरसरकारी तहबाट अन्तर धार्मिक संवादका लागि दोहा इन्टरनेशनल सेन्टर जस्ता थुप्रै संस्था स्थापनामार्फत धार्मिक र आस्थाको संवैधानिक स्वतन्त्रतालाई बलियो बनाएको पनि कतारले पुष्टि गरेको छ । दोहा इन्टरनेशनल सेन्टरको स्थापना सन् २००८ मा संवाद, अरूलाई स्वीकार गर्ने संस्कृतिको प्रवर्द्धन र विस्तारका साथै विभिन्न धर्मावलम्बीहरूको शान्तिपूर्ण सहअस्तित्वको उद्देश्यले भएको हो । विदेश मामिला मन्त्रालयको मानवअधिकार विभागका डाइरेक्टर महामहिम शेख खालिद बिन जस्सिम अल-थानीले जेनेभामा मानव अधिकार परिषद्को २८औँ सत्र (धार्मिक अथवा आस्थासम्बन्धी विशेष प्रतिवेदक स्पेसल रापोर्टियर)सँगको अन्तरक्रियात्मक संवादमा मन्तव्य व्यक्त गर्ने क्रममा उक्त कुरा बाहिर आएको हो । कतारले मानव अधिकारका विषय तथा शान्ति र संस्कृतिको प्रवर्द्धनसम्बन्धी अन्तर्राष्ट्रिय सभा सम्मेलन निरन्तररूपमा आयोजना गर्दै आएको जानकारी सभामा दिइएको थियो । उनका अनुसार कतारले अन्तर धार्मिक संवाद सम्बन्धी सम्मेलन वर्षेनी आयोजना गरिरहेको छ ।

यसअघि आयोजित सम्मेलनमा 'मानव सभ्यतामा धार्मिक भूमिका, मानव तथा आध्यात्मिक मूल्य निर्माण र विश्व शान्तिमा धर्मको भूमिका, धार्मिक मूल्य तथा जीवनको सम्मान र मानव ऐक्यबद्धता' जस्ता विषयमा छलफल भएका थिए । त्यसै गरी नयाँ पुस्ताको संस्कारमा धर्मको भूमिका र सामाजिक सञ्चारमाध्यम र अन्तर धार्मिक संवाद, र संवादको मूल्य प्रवर्द्धनमा युवाको भूमिका विषयमा पनि छलफल भएको उनले जानकारी दिए । उनले कतारले बर्सेनि अमेरिकी-इस्लामिक वर्ल्ड फोरम आयोजना गर्दै आएको बताएका थिए ।

कतारले सन् २०११ मा अलाइन्स अफ सिभिलाइजेसन्सको चौथो संयुक्त राष्ट्रसंघीय फोरम पनि आयोजना गरेको थियो । गत वर्ष मार्चमा इस्तानबुल इनिसिएटिभ १६/१८ को कार्यसमिति बैठक पनि कतारले नै आयोजना गरेको थियो । उक्त बैठकको शीर्ष धर्महरूबिच सहकार्यमार्फत धार्मिक स्वतन्त्रताको प्रवर्द्धन थियो । कतारले अधिकारमा आधारित अवधारणाअनुसार अशक्त व्यक्तिहरूको अधिकारको संरक्षण र प्रवर्द्धन राज्यको नीतिको प्राथमिकतामा रहेको र मानव अधिकारको प्रवर्द्धन र संरक्षण कतार नेसनल भिजन २०३० तथा नेसनल डेभलपमेन्ट स्ट्राटेजी (२०११-२०१६) मा जोड दिइए जस्तै रणनीतिक विकल्प रहेको पनि प्रष्ट पारेको छ ।

***(लेखक मिया हाल कतारमा राष्ट्रिय मानव अधिकार आयोगसँग आवद्ध हुनु हुन्छ ।)***

# पश्चिम नवलपरासीका मतदान अधिकृत पक्राउ




**रामरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १ मंसिर

नवलपरासी पश्चिममा मदिरा सेवन गरेका मतदान अधिकृत निलम्बनमा परेका छन् । मंसिर ४ गते हुने निर्वाचनका लागि मतदान अधिकृतको जिम्मेवारी प्राप्त गरेका पाल्हिनन्दन गाउँपालिका पशु शाखामा कार्यरत ५६ वर्षीय पृथ्वीराज चौधरीलाई मतदान अधिकृतबाट निलम्बन गरिएको हो । उनलाई प्रहरीले नियन्त्रणमा समेत लिएको छ ।

नवलपरासी पश्चिम सुनवल नगरपालिका-११, स्थित वाक्वाणी माध्यामिक विद्यालय सेमराहना मतदानस्थलमा मतदान अधिकृतको रुपमा खटिएका उनले बिहीबार मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सामग्री बुझ्ने समयमा मुख्य निर्वाचन अधिकृतसँग अस्वाभाविक व्यवहार देखाई विवाद गरेपछि प्रहरीले नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिई प्रहरीले स्वास्थ्य परीक्षण गराउँदा निजले मादक पदार्थ सेवन गरेको पाइएकोले नियन्त्रणमा राखिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए ।

सो मतदान स्थलमा वैकल्पिक मतदान अधिकृत नियुक्ति गरी पठाइएको प्रहरी नायब उपरीक्षक पाण्डेले बताए । नियन्त्रणमा लिइएका मतदान अधिकृतलाई निर्वाचन आचारसंहिताले व्यवस्था गरेको सजाय अनुसारको कारबाही हुने उनले जानकारी दिए । मुख्य निर्वाचन अधिकृतले उनको सट्टामा वैकल्पिक मतदान अधिकृत नियुक्त गरेका छन् ।

# दुई दिन बिदा दिन निजी क्षेत्रलाई सरकारको आग्रह




**काठमाडौं/मस–** सरकारले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आआफ्ना उद्योग, प्रतिष्ठान तथा कार्यालयमा दुई दिन सार्वजनिक बिदा दिन निजी क्षेत्रसँग आग्रह गरेको छ ।

सरकारबाट निर्वाचनका सन्दर्भमा सरकारी कार्यालय र सार्वजनिक निकायमा दुई दिन बिदा दिने निर्णय भएको जनाउँदै गृह मन्त्रालयले निजी प्रतिष्ठान, उद्योग कलकारखाना तथा कार्यालयमा यही मंसिर ४ र ५ गते सार्वजनिक बिदा दिने व्यवस्था गर्न आग्रह गरेको हो ।

मन्त्रालयले निर्वाचनको समयमा दुई दिन सार्वजनिक बिदा दिन निजी क्षेत्रका छाता संगठनलाई पत्राचारसमेत गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र, वायुसेवा सञ्चालक संघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रका सबै छाता संगठनलाई पत्राचार गर्दै निर्वाचनका समयमा दुई दिन बिदा दिन आग्रह गरिएको मन्त्रालयका सहसचिव फणिन्द्रमणी पोखरेलले जानकारी दिए । सरकारले यसअघि सरकारी तथा सार्वजनिक निकायमा मंसिर ४ र ५ तथा विद्यालयमा मंसिर २ देखि ५ गतेसम्म सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । यस्तै त्रिभूवन विश्वविद्यालयले पनि बिहीबारदेखि मंसिर ५ गतेसम्म क्याम्पस तथा कार्यालयमा सार्वजनिक बिदा दिइसकेको छ ।

# निर्वाचन सामग्री बोकेको जीप दुर्घटना

**जुम्ला/मस–**जुम्लामा निर्वाचन सामग्री बोकेको जीप दुर्घटना भएको छ । सदरमुकाम खलंगादेखि यहाँको तातोपानी गाउँपालिका-८ स्थित जनजागृति मावि ताम्ती मतदान केन्द्रमा निर्वाचन सामग्री बोकेर जाँदै गरेको बोलेरो जीप दुर्घटना भएको छ । भे१च २१८८ नम्बरको जीप तातोपानी-४ रावतबाडामा एक्कासी अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जीप सडकदेखि २० मिटर तल खसेको छ । दुर्घटनामा मतदान केन्द्रमा खटिएका मतदान अधिकृत हरिप्रसाद देवकोटा, सहायक मतदान अधिकृत आदिप्रसाद न्यौपाने, नेपाल प्रहरीका सई सीताराम दराई, सहायक हवलदार सुरज चन्द, प्रहरी जवान राजेन्द्र विष्ट र एकजना कार्यालय सहयोगी घाइते भएको प्रमुख जिल्ला अधिकरी मुकेशकुमार केशरीले जानकारी दिए । घाइतेमध्ये प्रहरी हवलदार चन्द र प्रहरी जवान विष्ट गम्भीर घाइते भएको प्रहरी निरीक्षक धर्मराज जोशीले बताए । अहिले घाइते भएकाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भइरहेको प्रहरीले जनाएको छ । घाइतेको अवस्था बुझ्न प्रमुख जिल्ला अधिकारी केसरी, प्रहरी नायब उपरीक्षक (डीएसपी) नरेन्द्र चन्दसहितको टोली अस्पताल पुगेका छन् ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **Neel Kamal Human Resource Pvt.Ltd.** (ई.प.नं. ७९३/०६५/०६६) लाई जिल्ला झापा विर्तामोड न.पा. वडा नं. १ विर्तामोडमा शाखा कार्यालय खोली संचालन गर्न र उक्त शाखाको प्रमुखको रुपमा जिल्ला झापा तोपगाक्षी गा.वि.स. वडा नं. ५ भई हाल जिल्ला झापा कमल गा.पा. वडा नं. ४ बस्ने गंगा लिम्बुलाई नियुक्त गर्न स्वीकृति प्रदान गर्ने यस विभागबाट मिति २०७९/०५/३१ मा निर्णय भएको हुँदा शाखा कार्यालयबाट भएका सम्पूर्ण कामकारवाहीको आर्थिक कारोबार सम्बन्धित शाखा कार्यालयबाटै गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा यसै सूचनाद्धारा सबैमा जानकारी गराईन्छ ।

## मलेसियामा रोजगार

१. कम्पनी : NICKO JEEP MANUFACTURE S.B. शहर : Malaysia,Tampin
पूर्व स्वीकृत मितिः २०७९/०६/२३ चलानी नं.: ६०१८८७०५ LT. No.: 272955 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 42 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : THAI SAN STONE BUILDER SDN BHD शहर : Malaysia,MELAKA
पूर्व स्वीकृत मितिः २०७९/०५/२१ चलानी नं.: ६०१८७०७० LT. No.: 271184 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : CHUAN YIE FURNITURE INDUSTRY शहर : Malaysia,KAULAMPUR
पूर्व स्वीकृत मितिः २०७९/०४/२५ चलानी नं.: ६०१८५०९४ LT. No.: 269191 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

माथि उल्लेखित पुन: विज्ञापनहरू आज मिति २०७९ मंसिर १ गते प्रकाशित हुनु पर्ने प्राविधिक कारणबस प्रकाशित नभएकोले आजको मितिमा प्रकाशित गरिएको यसै सुचना मार्फत जानकारी गरिन्छ ।

## MALAYSIA मा रोजगारको अवसर

कम्पनी: MIGHTY SYNERGY INDUSTRIES SB शहर: MALAYSIA, Jalan
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४५६ LT. No.: 275763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Alliance Human Resources Pvt. Ltd.**
Govt. Licence: 690/063/064
P.O.Box : 13612, Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4578850, 4591791, 4562344
Fax: 01-4462344, Email:- cv@alliancenepal.com | www.alliancenepal.com

## KUWAIT मा रोजगार

कम्पनी : KUWAIT MOTOR SPORTS CLUB शहर: Kuwait
पूर्व स्वीकृत मितिः२०७९/०८/०१ चलानी नं.: ६०१९१३९२ LT. No.: 275801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 5 | 1 | स. काममा दक्ष | 120 | ५०,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २ गते (18 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com

## मलेसियामा रोजगार

कम्पनी: GIN LIN INDUSTRIES (M) SDN. BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४६७ L.T. No.: 275776

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CABLE SUPPORT SYSTEMS (M) SDN.BHD. शहर: SENAI
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४७७ L.T. No.: 275778

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: TAHAN PLASTIC INDUSTRIES SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२३१ L.T. No.: 272546 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५४५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## कतारमा रोजगार

कम्पनी : AFRAHIM DHU AL NOOR TRADING & SERVICES शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ चलानी नं.: ६०१८४७३१ LT. No.:268829 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Excecutive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 5000 | १७१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 1500 | ५१,५४० | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1100 | ३७,७९६ | | | | | | | |
| 4. | Market Manager | 1 | 0 | | 5700 | १९५,८५२ | | | | | | | |
| 5. | Representative | 2 | 0 | | 3500 | १२०,२६० | | | | | | | |
| 6. | Sales Employee | 4 | 0 | | 1500 | ५१,५४० | | | | | | | |
| 7. | Salesman | 5 | 0 | | 1500 | ५१,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## साउदीमा रोजगार

कम्पनी: STAR MAX TRADING COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०७/३० चलानी नं.: ६०१९१३८९ L.T. No.: 275813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कसमस नेपाल ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

## यूएईमा रोजगार

कम्पनी: BLUE RIBBON LABOR SUPPLY SERVICES शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४२९ LT. No.:275852

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 1 | सम्बन्धित काममा दक्ष | 900 | ३१,७९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 17 | 0 | | 1000 | ३५,३३० | | | | | | | |
| 3. | Packer | 0 | 24 | | 1000 | ३५,३३० | | | | | | | |
| 4. | Stevedore | 286 | 0 | | 1200 | ४२,३९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: ayushintl007@gmail.com

## मलेशियामा रोजगार

१. कम्पनी : YSE INDUSTRIES SDN BHD शहर : MALAYSIA
पुर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४८८ LT. No.: 275817

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आशुतोष मेनपावर कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १५७/०५६/०५७८
नयाँ बजार, काठमाडौं, नेपाल, फोन : ४३५९१३६, ४३६०४४६

## मलेसियामा रोजगार

कम्पनी: ANCHOR CREATION SDN.BHD. शहर : Malaysia, Johor
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४६३ L.T. No.: 275488

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Workers | 26 | 4 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**AL JAZEERA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी: MT SECURITY SERVICES SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१९१४७२ LT. No.: 275824

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब MR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ९ गते (25 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

